# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१०।१७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

यातायात व्यवस्था सवारी चालक अनुमतिपत्र कार्यालय, प्रदेश नं.३ बागमती ललितपुरबाट परीक्षामा फेल भएका एवँ ट्रायल परीक्षा नदिएकै अवस्थामा समेत सवारी चालक अनुमति पत्र जारी गर्छन् भन्ने आयोगमा दर्ता हुन आएको उजुरी उपरको अनुसन्धानबाट मिति २०७५।४।१६ देखि मिति २०७५।६।२४ सम्म एकान्तकुना कार्यालयबाट लिएका विभिन्न वर्गका सवारी चालक अनुमति पत्रहरुको प्रयोगात्मक परीक्षामा फेल/अनुपस्थित/ चेकलिष्टमा नाम समावेश नभएकाहरु समेत गरी ६२९ वटा सवारी चालक अनुमति पत्रहरुको नतिजा फेरवदल गरे गराएको पाइएकोले यसरी फेरवदल गरी नतिजा इन्ट्री गर्ने र फेलवदल गरिएका नतिजालाई Approve गरी सवारी चालक अनुमति पत्र जारी गर्ने समेतका कार्यमा संलग्न यातायात व्यवस्था सवारी चालक अनुमति पत्र कार्यालय, बागमती एकान्तकुनामा कार्यरत शाखा अधिकृत भक्तबहादुर विष्ट, शाखा अधिकृत विष्णुप्रसाद सुवेदी, यातायात व्यवस्था सवारी चालक अनुमति पत्र कार्यालय ठुलोभऱ्याङ काठमाडौंका कम्प्युटर अधिकृत विजेन्द्र राज जोशी, यातायात व्यवस्था सवारी चालक अनुमतिपत्र कार्यालय एकान्तकुनामा कार्यरत कम्प्युटर अपरेटर जयनारायण चौधरी, कम्प्युटर अपरेटर सचिन कुमार सिंह, तत्कालीन यातायात व्यवस्था सवारी चालक अनुमतिपत्र कार्यालय एकान्तकुना हाल कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरका कम्प्युटर अपरेटर अमित कुमार साह, हाल मेची यातायात व्यवस्था कार्यालयका कम्प्युटर अपरेटर विजयराम बनमाला र हाल प्रदेश नं.२ आर्थिक मामिला तथा योजना मन्त्रालयका कम्प्युटर अपरेटर मदन कुमार साह समेतका ८ जनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसुरमा सोही दफा बमोजिम हदैसम्मको जरिवाना र कैद सजाय मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता